# ५. अनुग्रहका वरदानहरु

क. मुख्य पदहरु

१कोरिन्थी १२:१-११
रोमी ११:२९
१पत्रस ४:१०
१कोरिन्थी १२:२७-३१
रोमी १२:४-८

ख. परमेश्वरको अनुग्रह

साधारण समझ वा बुझाई अनुसार यो पिताबाट हामीमाथि भएको कृपा र पाउनै नसक्ने समर्थन (माया) undeserved favour हो. हामीमध्ये कोहीपनि उहाँको दयाको हकदार हुन योग्यको छैन तापनि यो हामीलाई पिताले येशूको खातिर दिनुभएको छ. यस अर्थमा हामी सबैले नै परमेश्वरको अनुग्रह पाएका छौं र यही हाम्रो स्थान हो. मानिसहरुको जीवनमा भएको बोलावट र तिनीहरुलाई प्रभुले सुम्पनुभएको अख्तियारका सन्दर्भमा पनि अनुग्रहलाई लिइने गरिएको छ. यो अनुग्रह परमेश्वरको निम्ति हाम्रो सेवकाई र जीवनको निम्ति एउटा जग भएको छ (रोमी १२:३).

परमेश्वरले हामीलाई दिनुभएको अनुग्रहद्वारा हामी नियन्त्रित हुनुपर्दछ. परमेश्वरले इच्छा गर्नुभएको हुनाले हामीसँग एउटा विशेष बोलावट वा वरदान छ, विशेषगरी हाम्रो निम्ति यो अनुग्रह हो. हामीलाई भएको बोलावट अति महत्वको भएकोले यसलाई अमूल्य ठानिनुपर्छ. यसैमा आधारित हुदै यथासम्भव प्रभावकारी ढंगबाट हामीले काम गर्नुपर्दछ. यो वरदानलाई निरन्तर चम्काउदै अरुको भलाईको निम्ति यसबाट सक्दो फाइदा उठाउनुपर्छ (२तिमोथी १:६) अनुग्रह आत्माको एउटा विशेष दानभन्दा पनि बढी (अर्कै कुरा हो), हामी अनुग्रहद्वारा बोलाइएका र बचाइएका छौं (१कोरिन्थी १५:१०). अनुग्रह आत्माको असाधारण वरदानहरुभन्दा बढी हो, यो एक किसिमले एउटा खास काम वा क्षेत्रको निम्ति कसैको जीवनलाई परमेश्वरको हातले औंल्याएजस्तै हो. निश्चय नै एउटा वरदान हामीलाई दिइएको परमेश्वरको अनुग्रहबाट आउंछ तर यो आफ्नो बोलावटलाई चिनेका व्यक्तिहरुको जीवनमा एउटा महान तथा शक्तिशाली यथार्थ हो.

ग. अनुग्रहका वरदानहरु

नयाँ नियममा "वरदान" शब्द "अनुग्रह" शब्दसित नजीकको अर्थ राख्छ. वास्तवमा दुवैको स्रोत एउटै हो. वरदान शब्द charisma बाट आएको छ भने "अनुग्रह" शब्द charis बाट निस्केको हो. वास्तवमा करिस्माको अन्तिम अक्षरलाई अनुवाद गर्दा "कुनै कुराको" भन्ने जनाउंछ. अर्थात एउटा विशेष वरदानलाई "अनुग्रहको कुरा" भन्नुपर्छ. अर्को शब्दमा आत्माद्वारा हाम्रा अनुभवहरुमा परमेश्वरको अनुग्रह खन्याइएको परिणाम स्वरुप उत्पन्न भावोक्ति हो र यसलाई आत्माको वरदान नामाकरण गरिएको छ. (१पत्रस ४:१०).

घ. माण्डलिक वरदानहरु (Body Gifts)

पवित्र आत्माद्वारा अनुग्रहका वरदानहरु ख्रीष्टको शरीर (मण्डली) को लागि दिइएकोले यसलाई "माण्डलिक वरदानहरु" को नाम दिइएको छ. खास व्यक्तिहरुका जीवनहरुबाट यी प्रकट हुन्छन् अर्थात यी वरदानहरु मानिसहरुसँग सम्बन्धित छन् (हिब्रू २:३-४). प्रत्येक वरदान मण्डलीमा वरदान संचालन गर्ने अन्य सदस्यहरुसँग अन्तर्सम्बन्ध राख्दछ. साधारणतया ती वरदानहरु मण्डलीका अन्य सदस्यहरुका निम्ति पनि उपलब्ध हुन्छन र यसले शरीरको एकता कायम राख्न र वृद्धि गर्नमा सघाउ पुऱ्याउंछ. शरीरभित्र समयको आवश्यकता अनुसार जो कोहीले पनि प्रभुसित वरदानको खोजी गरेमा पाउन सकिने प्रावधान छ.

*"सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएकोछ."* (१कोरिन्थी १२:७)

ङ. पवित्र आत्माको वरदानहरु

अरुका सामुन्ने प्रदर्शन गर्न वा आत्मसन्तुष्टिको निम्ति हामीलाई पवित्र आत्माका वरदानहरु प्रतिज्ञा गरिएका होइनन्. तर हामी वरिपरि खांचोमा परेका मानिसहरुको जीवनमा सहायताको हात बढाउन परमेश्वरले हामीलाई समर्थ बनाउनको लागि हो. जब हामी आफूलाई त्यस्ता अवस्थाहरुमा पाउंछौं जहाँ यी वरदानहरुलाई चलाउनुपर्ने हुन्छ त्यतिबेला ती हाम्रो जीवनबाट प्रकट हुन्छन्. हामी आफ्नै बलबुतामा सेवकाई नगरेको अवस्थामा परमेश्वर आफैं नै त्यहाँ संलग्न भएर पवित्र आत्माद्वारा हामीलाई सहायता गर्नुहुन्छ. यसले हाम्रा कमजोरी र सीमितताको समतल

मैदानबाट हामीलाई उठाएर माथि पुऱ्याइदिन्छ र परमेश्वरको निम्ति हाम्रो जिम्मेवारी पूरा गर्न एउटा सम्पूर्ण नयाँ अन्तर्दृष्टि तथा योग्यताका आयाममा हामीलाई स्थापित गरिदिन्छ. वास्तवमा परमेश्वरको लागि हाम्रा काममा यसले अन्तमा नयाँ आकार बनाउंछ र निश्चित गर्छ किनभने हामी आत्मामा कसरी काम गर्नेछौं सो बिस्तारै स्पष्ट हुदैजान्छ. अनि कुनचाहिँ वरदान अरुबाट भन्दा हामीबाट सुचारु रुपमा अभिव्यक्त हुन्छन सो पनि प्रष्टिनेछ. परमेश्वरको निम्ति हाम्रो कामको तरीका र प्रयोग हामीले वरदानहरु संचालन गर्ने किसिमबाट निर्धारित हुनेछन्. तैपनि उपयुक्त समयको निम्ति उचित वरदानहरु कुनैपनि क्रिश्चियनहरुले माग्नसक्ने तथ्यलाई हामीले याद राख्नुपर्छ चाहे त्यो हाम्रो प्रचलनमा नआएकै किन नहोस. पिताको इच्छा उद्धारको निम्ति उहाँको सामर्थ्य र चंगाई मानिसहरुको जीवनमा उपलब्ध गराउनु रहेको छ र हामी शुद्ध हृदय तथा शुद्ध विवेकद्वारा उहाँसित मागेमा उहाँ सो हामीबाट लुकाउनुहुन्न. उहाँको इच्छा पूरा गर्न हामी आत्माका वरदानहरुद्वारा तयार पारिएका छौं. वरदानहरु विना हामी आफ्नै स्वाभाविक बल र क्षमतामा जिएर काम गरिरहेका हुनेछौं.

च. त्रिएकात्मक वरदानहरु

१कोरिन्थी १२ मा पावलले हामीलाई पवित्र आत्माका वरदानहरुको विषयमा सिकाएका छन्. खासगरी वरदानहरुका सम्बन्धमा बोल्नुभन्दा अगाडि पिताको काममा अपूर्व एकतालाई उनले देखाएका छन्. पिता, पुत्र र पवित्र आत्माको वरदानको सट्टामा आत्माका `वरदानहरुका बारेमा धेरै कुरा नगर्नु नै सायद उपयुक्त हुनेछ. पावलले ४-६ पदहरुमा एक अर्कालाई मदत गर्ने किसिमका ३ विशेष वाक्यहरु बोलेका छन् -

१. **विभिन्न किसिमका वरदानहरु तर पवित्र आत्मा एउटै**

यसले हाम्रो अनुभवमा यी वरदानहरुको स्रोतलाई प्रष्ट्याएको छ. सीधै भन्दा पवित्र आत्माद्वारा नै यी वरदानहरु आएका हुन्.

२. **धेरै किसिमका सेवा तर एउटै प्रभु**

यी आत्मिक वरदानहरुले कस्को सेवा गर्दछन भन्ने तथ्य यहाँ खुलेको छ र यिनीहरु कसप्रति लक्षित हुदै कार्यान्वयन हुन्छन् र यो कुरा कसले निर्धारण गर्दछ - निश्चय नै येशू ख्रीष्टले निर्धारण गर्नुहुन्छ.

**३. धेरै किसिमका काम तर प्रेरणा दिने उनै परमेश्वर**

ग्रीक भाषामा काम work लाई energemata भनिन्छ. लक्षहीन किसिमले शक्ति र सामर्थ्यलाई प्रयोग नगरिएर एउटा खास उद्देश्य प्राप्तिको निम्ति प्रयोग हुने बिचारलाई यसले संकेत गर्दछ. यो वाक्यांशले पिताको इच्छा हरेक अवस्थामा पूरा हुनको निमित्त वरदानहरु काम गर्ने कुरा देखाएको छ.

त्यसकारण यहाँनिर हामी आत्माको वरदान चलाउने नभएर त्रिएक परमेश्वर शक्तिशाली कामहरुमा स्वयं संलग्न हुनु हो.

छ. पवित्र आत्माका वरदानहरु के के हुन ?

***१कोरिन्थी १२:८-१० मा ९ वटा वरदानहरु उल्लेख भएका छन्.***

**१. बुद्धिका कुरा**

*परिभाषा:* परमेश्वरको सत्यताको खोजी गरेर त्यसलाई जीवनमा चलाउने सामर्थ्य, एउटा खास परिस्थितिमा इश्वरीय प्रकाशद्वारा परमेश्वरको विचार र योजनाबाट मदत र संचालन गर्ने.

*उदाहरण* : सुलेमान (१राजा ३:२४-२८) येशू (यूहन्ना ८:४-७; लूका २०:२०-२६).

सेवकाईमा रहेका अरु मानिसहरुसित व्यवहार गर्दा यही कुरालाई हामीले आधार बनाउनुपर्छ. परमेश्वरको बुद्धिमानीको वरदान बिना परिस्थितिहरुमा हामी गल्ती गरिरहेका हुन्छौं, गलत निर्णयहरु गरिरहेका हुन्छौं, हतारमा मूल्यहीन काममा लागिरहेका हुन्छौं र सायद पीडा र मनोमालिन्यको जालोमा हामी फंस्दै गइरहेका हुन्छौं. परमेश्वरले परिस्थितिहरुलाई जसरी बुझ्नुहुन्छ त्यसरी नै हामीले पनि बुझ्नसक्नु परमेश्वरको बुद्धिमानी हो. यसरी एउटा खास परिप्रेक्षभित्रको समस्याको जड पत्ता लगाउन सक्ने अन्तर्दृष्टि प्राप्त गर्नु हो.

याद राख्नुहोस्, अरुलाई दिइने सन्देश बुद्धिका कुरा नहुन सक्छ तर सेवकले त्यो खास समयको निम्ति आवश्यक समझ र अन्तर्दृष्टिको वचन आफ्नो आत्मामा प्रभुबाट सीधै प्राप्त गर्दछ.

२. **ज्ञानको सन्देश (ज्ञानका वचन)**

*परिभाषा* : पवित्र आत्माको प्रेरणा (प्रभाव) बाट सत्यलाई जान्ने सामर्थ्य. एउटा खास व्यक्ति वा परिस्थितिका बारेमा इश्वरीय प्रकाशद्वारा विशेष तथ्य जान्नसक्ने शक्ति.

*उदाहरण* : युशूफ (उत्पत्ति ४१:२५-३२); एलिशा (२राजा ६:८-१२); येशू (यूहन्ना ४:१७-१८; मत्ती २१:२-३).

ज्ञान पनि समझको एउटा वरदान (उपहार) हो तर ज्ञानको सन्देश अर्को व्यक्तिसित सम्बन्धित भएकोले यो उसित प्रष्ट पारामा बांडनुपर्ने देखिन्छ. यसले दुवै पक्ष (भन्ने र सुन्ने) को जीवनमा पवित्र आत्माको पहिला कहिल्यै पहुंच नभएको गहन तथा भित्री कुराहरु प्रकट गर्नमा मदत गर्छ.

ज्ञान र बुद्धिका वरदानहरु प्रायश: एकैसाथ काम गर्छन् किनभने परिस्थितिहरुमा कसरी व्यवहार गर्ने भनेर पहिलोबाट थाहा हुन्छ भने दोस्रोबाटचाहिँ त्यसलाई कसरी प्रयोग गर्ने भनेर जान्न सकिन्छ.

३. **विश्वास**

*परिभाषा* : सम्भाव्यताभन्दा माथि उठेर परमेश्वरमा भरोसा गर्ने र अरुको दर्शनलाई कार्यरुपमा परिणत हुन मदत गर्ने; भरोसा गर्नमा इश्वरीय मदत. एउटा खास परिस्थितिमा परमेश्वरले आफ्नो सामर्थ्य प्रमाणित गर्दै मदत गर्ने आश्वासन.

*उदाहरण* : यहोशू (यहोशू १०:१२-१४); एलिया (१ राजा १८:१७-४०); येशू (मर्कूस ४:३७-४०; यूहन्ना ११:४१-४४).

सेवकाईका परिस्थितिहरुमा विश्वासले भरोसा र आश्वासन उत्पन्न गर्छ. परमेश्वरले के गर्न चाहनुभएको हो भन्ने बारेमा विश्वासको वरदानद्वारा हामी निश्चयता प्राप्त गर्दछौं. अनि यी कुराहरु घटछन् भन्ने सामर्थी आशापूर्ण विश्वास हामीलाई दिइएको छ.

४. **चंगाईको वरदान**

*परिभाषा* : एउटा व्यक्तिभित्र भावनात्मक, शारीरिक र आत्मिक रुपमा येशूको जीवन हालिदिएर चंगाई दिने, चंगाईको निम्ति इश्वरीय सामर्थ्य प्रदान गर्ने.

*उदाहरण* : येशू (मर्कूस १:२९-३१; मर्कूस ३:१-५); फिलिप (प्रेरित ८:६-७); पावल (प्रेरित १४:९-१०).

चंगाईको "वरदान" शब्द बहुवचनमा छ किनभने मानिसहरुले भोगिरहेका विभिन्न रोगहरुका सन्दर्भमा विभिन्न किसिमका चंगाईका

वरदानहरु पनि छन्. त्यसकारण एउटा विशेष भावनात्मक खाँचो वा बिमारीका खास लक्षणहरुमा मात्र प्रभावकारी चंगाई गर्नसक्ने व्यक्तित्व हुनु असामान्य कुरा होइन.

५. **आश्चर्यजनक शक्ति** (आश्चर्यपूर्ण काम गराई)

*परिभाषा :* मानव क्षमता र प्राकृतिक नियमको शक्ति बाहिर रहेर काम गर्नसक्ने सामर्थ्य, अलौकिक कामहरु गर्नसक्ने इश्वरीय सहायता.

*उदाहरण :* एलिशा (२ राजा ४:१-७); येशू (यूहन्ना २:१-११; लूका ९:१६-१७); स्टिफन (प्रेरित ६:८).

एउटा आश्चयकर्म आत्मिक चंगाई वा प्राकृतिक नियमभन्दा माथिल्लो प्रक्रिया हो. यस्ता घटनाहरु परमेश्वरको सीधा हस्तक्षेपमा भरपर्छ र यसले उहाँको असाधारण सामर्थ्यलाई प्रकट गर्दछ. उदाहरणको निम्ति मुर्दा ब्युँतनु, पानीलाई दाखमद्यमा परिणत गर्नु, हातगोडा नभएकाहरुको हातगोडा पलाउनु आदि.

६. **अगमवाणी** (१कोरिन्थी १४:१-६; २२-२३; ३९-४०)

*परिभाषा :* सुन्ने र सुनाउनेको भाषामा परमेश्वरको विशेष सन्देश हस्तान्तरण (convey) गर्नसक्ने क्षमता, परमेश्वरको हृदयबाट निस्केको सन्देशलाई विशेष परिस्थितिहरु माफ्त बताउनु.

*उदाहरण :* यशैया (मत्ती १३:१४); येशू (मत्ती २४:३-४२; यूहन्ना २१:१८); अगाबस (प्रेरित ११:२७-२८).

अगमवाणी मण्डलीको उत्थानको निम्ति हो. अगमवाणीका उच्चारणहरु एकदम प्रत्यक्ष हुन्छ र यसमा प्रत्युत्तर दिनैपर्ने आवश्यकता पर्दछ.

*"तर अगमवाणी बोल्ने हरेकले मानिसहरुसँग नै बोल्दछ. तिनीहरुका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाका निम्ति ऊ बोल्दछ."* (१कोरिन्थी १४:३).

७. **आत्माका भिन्नताहरुलाई छुट्ट्याउनसक्ने क्षमता** (आत्माहरु छुट्ट्याउने)

*परिभाषा :* सहीबाट गलत र झुटोबाट सत्य छुट्ट्याउन सक्ने क्षमता, कुनै व्यक्ति वा परिस्थितिमा कस्तो किसिमको आत्मा विद्यमान छ सो छुट्ट्याउन सक्ने इश्वरीय प्रकाश.

*उदाहरण :* यूहन्ना बप्तिश्मा दिने (मत्ती १२:३४); येशू (लूका १३:११-१६; यूहन्ना ८:४४); पावल (प्रेरित १३:६-१२).

यो ठीक र यो बेठीक (आत्मा) छुट्ट्याउनसक्ने क्षमताको वरदान हो. आत्माको जाँच गरेर ती परमेश्वरबाटका हुन् कि होइनन् छुट्ट्याउन हामीलाई भनिएको छ (१यूहन्ना ४:१). आत्मिक इन्द्रियको वरदानको

माध्यमबाट मात्र कुनचाहिँ आत्मासँग कुन परिस्थतिमा हाम्रो सामना भैराखेको छ सो जान्न सक्दछौं.

८. **विभिन्न किसिमका भाषाहरु** (१कोरिन्थी १४:१-२८)

*परिभाषा :* बोल्ने मानिसले पहिला कहिल्यै नसिकेको, मानिस र स्वर्गदूतको भाषामा बोल्नसक्ने क्षमता.

*उदाहरण :* प्रेरितहरु (प्रेरित २:४); कर्नेलियसका घरमा विश्वासीहरु (प्रेरित १०:४६); पावल (१कोरिन्थी १४:८).

सेवकाईको परिस्थिति (अवस्था) हरुमा भाषाको बरदान धेरै महत्वको हुन्छ.

*"किनकि आन्य भाषामा बोल्नेले मानिसहरुसँग होइन, तर परमेश्वरसँग बोल्दछ. उसले के भन्दैछ कसैले बुझ्दैन, पवित्र आत्माका रहस्यका कुराहरु नै ऊ बोल्दछ.... अन्य भाषामा बोल्नेले आफ्नै आत्मिक बृद्धि गर्दछ."* (१कोरिन्थी १४:२-४)

भाषाहरुको बरदानलाई व्यक्तिगत अभ्यासमा चलाउनाले अरु बरदानहरुपनि प्राप्त गर्ने यो एक माध्यम हुनसक्छ. उदाहरणको निम्ति जब हामी हाम्रो आत्मामा भाषामा प्रार्थना गर्छौं त्यस अवस्थामा हामी उहाँको इच्छाप्रति धेरै संवेदनशील हुन्छौं. अनि सेवकाईमा के कस्तो उचित कामहरु गर्नुपर्ने हो त्यसबारेमा उहाँको निर्देशनप्रति पनि हामी संवेदनशील हुनेछौं.

९. **भाषाहरुको अनुवाद** (१कोरिन्थी १४:१३, २६-२८)

*परिभाषा :* बोलिएको भाषा अनुवादकले नसिकेको भए तापनि भाषाको अर्थ खोल्नसक्ने सामर्थ्य. नबुझिने भाषाको अर्थ बुझ्ने भाषामा भन्नसक्ने क्षमता.

यो बरदान खास गरेर सामूहिक बातावरणमा बढी उपयुक्त देखिन्छ जहाँ भाषाहरुको बरदान अनुवादद्वारा अभ्यास गरिन्छ र त्यसरी त्यहाँ आत्माले काम गरिरहनुभएको हुन्छ. परिणाममा भाषाहरुमा बोलिएको सन्देशको अपूर्व किसिमबाट प्रत्युत्तर प्राप्त हुन्छ. यो बास्तबमा अनुवाद होइन तर यसलाई प्रत्युत्तरको संज्ञा दिन सकिन्छ. परमेश्वर बोल्न चाहनुहुन्छ भन्ने तथ्यप्रति अरुको ध्यानाकर्षण गर्न भाषालाई प्रयोग गरिन्छ र यसरी मानिसहरु उहाँप्रति प्रतीक्षारत रहन्छन. परमेश्वरबाट प्राप्त सन्देश सबैले बुझुन, जाँचुन् र बोलिएको बचन अनुसार गरुन् भनेर अनुवादकले अनुवाद गरिदिन्छ. खासगरी कुनै सामूहिक बाताबरणमा प्रभुलाई चढाइएको

व्यक्तिगत प्रार्थनाको (समेत) अर्थ खोल्ने काम भाषाहरुको अनुवाद गर्ने बरदानद्वारा गर्न सकिन्छ.

याद राख्नुहोस्, आत्मामा प्रत्येक वरदानको प्रभावकारी कार्यान्वयन हुनको निम्ति अन्य वरदानहरुको पनि संलग्नता हुनु जरुरी छ. चंगाईको वरदानले प्रभावकारी रुपमा काम गर्नको निम्ति विश्वास वा आत्मा छुट्ट्याउने वरदान पनि साथमा हुनुपर्दछ. त्यसैगरी विश्वासको वरदानले काम गर्नको लागि बुद्धिको वरदान र आत्मा छुट्ट्याउने वरदान पनि साथमा हुनु आवश्यक छ. वरदानहरु एक अर्कामा आधारित हुन्छन्. हामीलाई खास परिस्थितिहरुमा परमेश्वरले चाहनुभएका कुराहरु प्राप्त गर्न सेवकाईमा आवश्यक वरदानहरु पवित्र आत्माले उपलब्ध गराउनुहुन्छ.

ज. मण्डलीमा अनुग्रहका अन्य वरदानहरु

ख्रीष्टको देहमा अनुग्रहका अन्य वरदानहरु पनि छन्. एउटा विशेष किसिमले प्रभुको सेवा गर्नको लागि यी वरदानहरु मानिसहरुलाई दिइएको छ. एफिसी ४:११ मा ५ किसिमको "सेवकाई बोलावट" का बारेमा उल्लेख गरिएको छ र यो मण्डलीको निम्ति सूचीमा समावेश भएको हो. (यसबारेमा यो पुस्तकको अर्को भागमा विस्तृत उल्लेख हुनेछ). मानिसहरुका लागि अनुग्रहका अन्य वरदानहरु रोमी १२:४-८ मा उल्लेख भएको छ र तिनीहरु स्थानीय मण्डलीको उपयोगको निम्ति हो.

१. **अगमवाणी**

*परिभाषा :* येशू ख्रीष्टको शरीर (मण्डली) मा नियमित रुपमा अगमवाणी ल्याउन सक्ने क्षमता. यसको नियमितता र महत्व व्यक्तिको विश्वासको परिमाणमा भर पर्छ.

२. **सेवक (अथवा सेवकाई)**

*परिभाषा :* अरुहरुलाई प्रोत्साहन तथा बल प्राप्त हुने कुनै पनि किसिमको सहयोग गर्ने सामर्थ्य.

*उदाहरण :* येशू (यूहन्ना १३:१-१६); मरियम (यूहन्ना १२:१-११).

३. **शिक्षा**

*परिभाषा :* परमेश्वरको सत्यको विश्लेषण र अनुवाद गर्दै यसलाई प्रष्ट र व्यवस्थित ढंगबाट अरुलाई भन्नसक्ने योग्यता.

*उदाहरण :* अपोल्लोस (प्रेरित १८:२४-२८)); येशू (मत्ती ५:१-११).

४. **प्रोत्साहन (अथवा उपदेश)**

*परिभाषा :* मानिसहरुलाई साधारणत: परमेश्वरको वचनदेखि प्रेरणा प्रदान गर्ने योग्यता.

*उदाहरण :* पावल (प्रेरित २०:१-२).

५. **अरुको आवश्यकतामा योगदान**

*परिभाषा :* परमेश्वरको निम्ति धन-सम्पत्ति कमाउने र दिनसक्ने योग्यता. यो खुला तथा उदार हृदयद्वारा गरिन्छ.

*उदाहरण :* माकिडोनियाको मण्डली (२कोरिन्थी ८:१-५); बर्णवास (प्रेरित ४:३६-३७).

६. **नेतृत्व (प्रशासन वा शासन)**

*परिभाषा :* मण्डलीको प्रबन्ध मिलाउन सक्नु वा अरुलाई नेतृत्व गर्ने क्षमता. यो इमान्दारीकासाथ गरिनुपर्छ.

*उदाहरण :* एल्डरहरु (१तिमोथी ५:१७)); डिकनहरु (१तिमोथी ३:८-१३).

७. **कृपा देखाओ**

*परिभाषा :* जो मानिसहरुलाई अरुले वास्ता गर्दैनन् वा तिनीहरुको महत्व नै राखिदैन तिनीहरुलाई सान्त्वना प्रदान गर्दै तिनीहरुसित सुख/दु:खमा सहभागी हुनसक्ने क्षमता. यो राजी खुशीपूर्वक गरिनुपर्छ.

*उदाहरण :* येशू (मत्ती ८:१-४; यूहन्ना ८:४-११).

## झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. आत्माको वरदानहरु कसलाई दिइन्छ र त्यसको उद्देश्य के हो ?

२. प्रत्येक व्यक्तिहरुमा के कस्तो वरदानहरु हुनुपर्ने हो सो निर्णय कसले गर्छ ? (१कोरिन्थी १२:११).

३. परमेश्वरको वरदानहरु र बोलावट अपरिवर्तनशील छन् (रोमी ११:२९). येशूको चेला हुनुभएकोले यसले तपाईंलाई केही फरक पार्छ कि ? अनि यसले तपाईंमा भरोसा उत्पन्न गर्छ कि गर्दैन ?

४. आत्माका कुनै वरदानहरुमा प्रभुले तपाईंलाई प्रयोग गर्नुभएको छ ?

५. के तपाईं आत्माका वरदानहरु आफ्नै प्रयोगका निम्ति चाहनुहुन्छ वा मण्डलीको निम्ति ? अर्थात स्वार्थी कारणहरुका लागि वा परमेश्वरमा फल फलाउनको लागि ? (१कोरिन्थी १४:१२)

६. जो व्यक्तिहरु पवित्र आत्माबाट बप्तिश्मा पाएका छन् आत्माका वरदानहरु तिनीहरुबाट मात्र कार्यान्वयन हुन्छ. यदि प्रभुले आत्माका वरदानहरु तपाईंबाट चलाउनुभएको छैन भने पहिलो पल्ट वा नयाँ गरी

तपाईंलाई भर्न प्रभुसित विन्ती गर्नुहोस्. त्यसपछि वरदानहरुको आवश्यकता पर्ने अवस्थामा तपाईंलाई पारिदिनुहुन उहाँसँग विन्ती गर्नुहोस् र उहाँबाट प्रयोग हुनका लागि तपाईं सदा तत्पर रहनुहोस.

७. स्थानीय मण्डलीमा आफ्नो भूमिका बारेमा तपाईंलाई केही ज्ञान छ ? थाहा नभएमा यो देखाउन प्रभुसित प्रार्थना गर्नुहोस्.

## ञ. सारांश र प्रयोग

१. उहाँको अनुग्रहको कारणले परमेश्वरको बोलावट एवं वरदानहरु हामीलाई प्राप्त हुन्छ.
२. हाम्रो आफ्नै फाइदाको निम्ति आत्मिक वरदान दिइदैन तर ख्रीष्टको शरीरको विस्तार र सेवा गर्न योग्य हुनको निम्ति दिइन्छ.
३. हाम्रो मानव क्षमता भन्दा माथि उठेर परमेश्वरको सेवा गर्न पवित्र आत्माको वरदानले हामीलाई सहायता गर्छ किनभने हामी परमेश्वरको सामर्थ्यमा अरुहरुमा हात बढाइरहेका हुन्छौं.
४. पवित्र आत्माको वरदानहरुलाई पिता, पुत्र र पवित्र आत्माको वरदान भनेर भन्न सकिन्छ.
५. अनुग्रहका वरदानहरुमा एफिसी ४:११ को सेवाहरुको निम्ति बोलावट र रोमी १२:६-८ मा उल्लेख भएका स्थानीय मण्डलीमा प्रभुको निम्ति अन्य मानिसहरुले गर्नुपर्ने काम पनि समावेश छ.